२

सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री वमकुमार श्रेष्ठ

**आदेश**

०७२-WO-०६३८

विषयः- उत्प्रेषण, परमादेश

काभ्रे जिल्ला दाप्चा गा.वि.स. वडा नं. ७ घर भई हाल आयुर्वेद चिकित्सालय नरदेवीको एक्युपञ्चर शाखामा आयुर्वेद चिकित्सक आठौं तहमा कार्यरत जया सत्याल..............................................................................................१ } निवेदक

**बिरुद्ध**

लोक सेवा आयोग केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं............................१ } विपक्षी

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतमा दायर भई पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

म निवेदीकाले एस.एल.सी. उत्तीर्ण गरेपश्चात त्रिभुवन विश्वविद्यालय, पद्मकन्या क्याम्पसबाट २०५६ सालमा आई.एस.सी. उत्तीर्ण गरी २०६१ सालमा त्रि.वि.वि. आयुर्वेद क्याम्पस, नरदेवीबाट आयुर्वेद चिकित्साशास्त्रमा स्नातक तह उत्तीर्ण गरी २०७० सालमा मित्रराष्ट्र चीनबाट ट्रेडिसनल मेडिसिनमा स्नातकोत्तर गरेकी छु । सो पश्चात मिति २०६२/४/२५ मा आयुर्वेद चिकित्सा परिषद् ऐन बमोजिम नाम दर्ता गरी प्रमाणपत्र समेत प्राप्त गरेकी छु ।त्यसै बीचमा लोक सेवा आयोगको मिति २०६३/१०/१८ को सिफारिस तथा नेपाल सरकारको मिति २०६३/१०/२२ को निर्णयानुसार खुल्ला प्रतियोगिताबाट आयुर्वेद विभाग अन्तर्गतको रिक्त नेपाल स्वास्थ्य सेवा आयुर्वेद समूह अधिकृत सातौं तहको अधिकृत कविराज पदमा नियुक्ति भई नेपाल सरकारको मिति २०६४/४/११ को

निर्णयानुसार अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा स्तरवृद्धि भई हाल आठौं तहको आयुर्वेद चिकित्सक पदमा कार्यरत रहेकी छु ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखाको मिति २०६५/११/२३ को गोरखापत्रमा प्रकाशित सूचना तथा नेपाल सरकारको मिति २०६७/२/१८ को मनोनयनबाट Tianjin University of Traditional Chinese Medicine मा Traditional Chinese Medicine (MD) विषयमा अध्ययन गर्न नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार ४ वर्षको अध्ययन विदा स्वीकृत गरी उक्त विषय अध्ययन गरी MD को उपाधी हाँसिल गरी फर्केकी हुँ। त्रि.वि.वि.ले चीनको बेइजिङ स्थित बेइजिङ कलेज अफ ट्रेडिसनल चाइनिज मेडिसिन, चीनको ब्याचलर अफ मेडिसिन विषयको स्नातक तहको उपाधिलाई त्रि.वि.वि.को "आयुर्वेदिक स्नातक तह सरह" भनी मिति २०४३/१२/२६ मा समकक्षता दिइसकेको र सोही देशको Tianjin University of Traditional Chinese Medicine विश्वविद्यालयबाट मैले प्राप्त गरेको मास्टर अफ मेडिसिन Acupuncture, Moxibustion and Tuina विषयलाई समेत त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रले Master Degree in Relevant Subject भनी समकक्षता प्रदान गरेको र त्यसलाई अझ प्रष्ट पार्दै चिकित्सा शास्त्र अध्ययन संस्थान, डिनको कार्यालयले मिति २०७०/९/१७ को पत्रबाट त्रि.वि.को आयुर्वेदिक चिकित्सा पद्धतिको स्नातकोत्तर तह सरह हुने भनेको र सोही विश्वविद्यालयको Master of Medicine Acupuncture Moxibustion and Tuina) डिग्रीलाई त्रि.वि.वि. पाठ्यक्रम केन्द्रबाट सम्बन्धित विषयमा स्नातकोत्तर मान्यता प्रदान गरेको तर हाल परम्परागत चिकित्सा सेवाको क्षेत्रमा कुनैपनि उपसमूह नभएको हुँदा तथा विगतमा पनि उक्त डिग्रीलाई आयुर्वेदको स्नातकोत्तर सरह मान्यता दिएको हुँदा डा. जया सत्यालको डिग्रीलाई पनि आयुर्वेदको स्नातकोत्तर सरह मान्न सकिने भनी चिकित्साशास्त्र अध्ययन सँस्थानको मिति २०७१/७/२८ को पत्रले प्रष्ट पारेको छ । नेपाल आयुर्वेद चिकित्सा परिषद्ले मिति २०५९/८/१८ मा आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा ४.२ र दफा ५.१ को उपदफा ५.१.१ (क) प्रयोजनको लागि Beijing University of Traditional Chinese Medicine को स्नातक तह Bachelor of Medicine (TCM) उपाधिलाई ई.सं. १९७८ देखि नै मान्यता प्रदान गरी दर्ता गरेको छ ।

लोकसेवा आयोगको मिति २०७१/६/२९ मा प्रकाशित सूचना नं. ३३९/०७१/७२ को क्र.सं. २५ मा उल्लेखित बि.नं. १७०९१/०७१/७२ को प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह एघारौं तहको पदसँख्या १ (महिला) खुल्ला प्रतियोगिताबाट पूर्ति गर्ने गरी विज्ञापन प्रकाशित गरेको थियो । सो विज्ञापनको पदमा दरखास्त दिन योग्य उम्मेदवार भएकोले मिति २०७१/७/२३ मा दरखास्त फारम पेश गरेकोमा उक्त दरखास्त फाराम अस्वीकृत गरी आयोगबाट विज्ञापनमा "उल्लेखित भएको पद अनुसारको शैक्षिक योग्यता नमिलेको देखिँदा दरखास्त स्वीकृत गर्न

नमिल्ने" भनी मिति २०७१/७/२५ मा मेरो उक्त फाराम नै फिर्ता गरियो । सो को जानकारी माग गरेकोमा दरखास्त साथ पेश गरेको शैक्षिक उपाधिलाई नेपाल स्वास्थ्य सेवा आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूहको ११ औं तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सरह मान्न नसकिने भनी मिति २०७१/७/२३ को सचिव स्तरीय निर्णय भएको कुरा जानकारी हुन आयो।

आयोगबाट प्रकाशित उक्त सूचनाको २५ नं. मा जनरल आयुर्वेद एघारौं तह खुला प्रतियोगिता (महिला) का लागि प्रकाशित विज्ञापनले नेपाल स्वा.से.ऐन को दफा ७ (२) तथा स्वा.से.नि. को नियम ७ बमोजिम चाहिने शैक्षिक योग्यता पुरा भएकोले उक्त विज्ञापनमा सामेल भई परीक्षा दिन पाउने मेरो कानूनी हकमा अधिकारविहिन पदाधिकारीले निर्णय गर्न मिल्दैन। लोकसेवा कार्यविधि ऐन, २०६४ को दफा २२ बमोजिम आयोगले मात्र मेरो हकमा निर्णय गर्ने अख्तियारी रहेको छ। अख्तियारी नै नभएका आयोगका सचिवबाट भएको निर्णय अधिकार क्षेत्रको अभावमा स्वतः बदरभागी छ। मलाई उच्च शिक्षा अध्ययनका लागि मनोनित गर्दा नै आयुर्वेदमा स्नातक तह उत्तीर्ण भएकोले उक्त स्नातकोत्तर तह अध्ययन गर्न पाउने पूर्वशर्तले नै उक्त उपाधि आयुर्वेद चिकित्सा विषयसँग सम्बन्धित स्नातकोत्तर तह हो भन्ने पुष्टि हुन्छ। विपक्षीको सो निर्णयले मेरो कानूनी तथा संवैधानिक हकमा आघात पुगेकाले उक्त निर्णय बदर गरी परमादेश जारी गरी पाऊँ भनी म निवेदीकाले दायर गरेको २०७१-WO-०३९५ को रिट निवेदन यस सम्मानित अदालत समक्ष विचाराधीन अवस्थामा रहेको छ।

उल्लेखित रिट निवेदन विचाराधीन रहेकै अवस्थामा लोकसेवा आयोगको मिति २०७२/६/२७ मा प्रकाशित सूचना नं.२९७/०७२/७३ क्रम सँख्या ३४ मा वि.नं. १७०९६/०७२-७३, प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद एघारौं तहको पदसँख्या १, क्र.सं. १४३ वि.नं. १७२०५/०७२-७३, कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद नवौं तह पदसँख्या २ र क्र.सं. १४४ वि.नं. १७२०६/०७२-७३ कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, नवौं तह पद सँख्या १ (महिला) खुल्ला प्रतियोगिताबाट पूर्ति गर्ने गरी विज्ञापन प्रकाशित गरेको थियो। सो विज्ञापन बमोजिमको पदमा दरखास्त दिन म योग्य भएकोले दरखास्त फाराम पेश गरेको थिएँ । त्यसपछि प्रवेशपत्र प्राप्त गरी परीक्षामा समेत सामेल भई नतिजाको प्रतिक्षामा रहेकोमा अचानक मिति २०७२/११/१२ गतेको गोरखापत्रमा निवेदक सामेल भएको लिखित परीक्षा र दरखास्त समेत रद्द गर्ने भनी सूचना प्रकाशित भएकाले विपक्षी लोकसेवा आयोग समक्ष जाँदा *"प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता र अनुभव नमिलेको सम्बन्धमा संलग्न विवरण बमोजिमको विज्ञापन नम्बरहरुमा सि.नं. १ देखि २१ सम्मको उम्मेदवारहरुको तोकिएको शैक्षिक योग्यताको उपाधि पुरा गरेको नदेखिएकोले निजहरुको दरखास्त र लिएको लिखित*

*परीक्षा समेत रद्द गर्ने भनी"* विपक्षी लोकसेवा आयोगबाट मिति २०७२/११/४ मा निर्णय भएको कुरा मिति २०७२/११/१६ मा निर्णयको नक्कल सारी थाहा पाई साह्रै नै अन्यायमा परेकोले अन्य प्रभावकारी उपचारको अभावमा नेपालको संविधान २०७२ को धारा ४६ तथा १३३ (२) अन्तर्गत यो निवेदन गर्न आएकी छु ।

तोकिएको शैक्षिक योग्यताको उपाधि नभएको भन्ने आधारमा मेरो दरखास्त र मैले दिएको लिखित परीक्षा रद्द गर्ने विपक्षी आयोगको निर्णय *Prima Facie* रुपमै गैरकानूनी छ। विपक्षी आयोगको निर्णयमा मेरो शैक्षिक योग्यतामा एम.ए.एम.एस. हुनुपर्नेमा Traditional Chinese Medicine (TCM) भएको भनी दरखास्त र मैले दिएको लिखित परीक्षा रद्द गर्ने आधार बनाइएको छ। स्वास्थ्य सेवा नियमावली २०५५ को नियम १५ ले तोके बमोजिमको नवौं र एघारौं तहको लागि आवश्यक न्यूनतम अनुभव मसँग रहेको छ। नवौं तहको आन्तरिक प्रतियोगिताको लागि आठौं तहमा ५ वर्षको सेवा अनुभव हुनुपर्नेमा सो मसँग रहेको र महिलाको खुला प्रतियोगितातर्फ अधिकृत स्तरमा ५ वर्षको अनुभव हुनुपर्नेमा सो अनुभव समेत मसँग रहेको छ। त्यसैगरी एघारौं तहको खुलातर्फ अधिकृत स्तरमा ७ वर्षको अनुभव हुनुपर्नेमा सो अनुभव सहित निवेदीका खुला प्रतियोगितामा सामेल भएकोमा कुनै विवाद छैन । मैले चीनको Tianjin University of TCM विश्वविद्यालयबाट स्नातकोत्तर गरेकी छु। उक्त विश्वविद्यालय त्रि. वि. वि. बाट मान्यताप्राप्त विश्वविद्यालय हो र मैले अध्ययन गरेको Traditional Chinese Medicine (TCM) विषय आयुर्वेदसँग सम्बन्धित स्नातकोत्तर उपाधि भएको कुरा माथि विभिन्न प्रकरणमा उल्लेख गरी सकेकी छु । मसँग कानूनले तोकेको शैक्षिक योग्यता भएकोमा कुनै विवाद छैन । कानून बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले लोक सेवा आयोगले निर्धारण गरेको सम्पूर्ण प्रकृया पूरा गरी दिएको परीक्षा रद्द गर्न मिल्दैन।

मैले यस अदालतमा दायर गरेको मुद्दा नं. २०७१-wo-०३९५ यस अदालतमा विचाराधीन रही टुंगो नलागेकै अवस्थामा लोकसेवा आयोगले लिखित परीक्षा रद्द गर्ने निर्णय गरेको छ। शैक्षिक योग्यताको विषयमा प्रदीप के.सी.ले दायर गर्नुभएको २०७०-wo-०५३७ को रिट निवेदनमा जारी गरिएको अन्तरिम आदेशको भावनालाई उल्लंघन गरी निवेदकको दरखास्त र लिखित परीक्षा नै रद्द गर्ने गरी विपक्षी आयोगले गरेको निर्णय बदनीयतपूर्ण रहेको छ । मेरो दरखास्त र मैले दिएको लिखित परीक्षा रद्द गर्ने निर्णय गर्दा असर पर्ने म निवेदकलाई आफ्नो कुरा भन्न पाउने अवसर नै नदिई विपक्षी आयोगले गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल छ ।

यसरी मेरो दरखास्त र लिखित परीक्षा रद्द गर्ने विपक्षी लोकसेवा आयोगको निर्णयले निवेदकको नेपालको संविधान (२०७२) को धारा १७ (२) (च), १८ (१), २५ (१), ३८ (४) र (५) द्वारा प्रदत्त हकमा आघात परेकोले ऐ. को धारा ४६ तथा १३३ (२) बमोजिम

यो निवेदन गर्न आएको छु । अतः विपक्षी लोकसेवा आयोगको मिति २०७२/११/०४ को निर्णय तथा तत्सम्बन्धमा गोरखापत्रमा मिति २०७२/११/१२ मा प्रकाशित गरिएको सूचना समेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकले विधिवत दाखिला गरेका दरखास्तहरु कायमै राखी निवेदकले उक्त विज्ञापनहरुको रिक्त पदहरुमा दिएको परीक्षाको नतिजा समेत अरु परीक्षार्थी सरह एकैसाथ प्रकाशित गर्नू गराउनू भनी विपक्षी लोकसेवा आयोगको नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ । साथै प्रस्तुत रिट निवेदनको टुंगो नलागेसम्म उक्त निर्णय तथा सूचना कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीको नाममा अन्तरिम आदेश जारी गरिपाऊँ भन्ने समेत वेहोराको मिति २०७२/११/२७ को निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवांफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी साथै राखी विपक्षीहरुका नाममा सूचना दिई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

साथै अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षबीच छलफल गराई आदेश गर्नु उपयुक्त हुने देखिंदा अन्तरिम आदेशको छलफलका लागि मिति २०७२/१२/७ को पेशी तारेख तोकी पेश गर्नु र सो अवधिसम्मको लागि सुविधा र सन्तुलनको आधारमा निवेदिकालाई पर्न जाने अपुरणीय क्षतिलाई दृष्टिगत गर्दा निवेदकको दरखास्त र लिखित परिक्षा रद्द गर्ने भनिएको लोक सेवा आयोगको निर्णय कार्यान्वयन नगर्नु यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने मिति २०७२/११/३० को आदेश।

यसमा यस अदालतबाट मिति २०७२/११/३० मा भएको अन्तरिम आदेशलाई निरन्तरता दिई ०७२-WO-०६३७ को उत्प्रेषणको रिट निवेदन समेत साथै राखी पेश गर्नु भन्ने मिति २०७२/१२/७ को आदेश।

रिट निवेदकले **Tianjin University** बाट **Traditional Chinese Medicine** मा **Masters Degree** उत्रिण गरेको शैक्षिक योग्यता आयुर्वेद चिकित्सा परिषद ऐन, २०४५ को परिच्छेद ४.२ को योग्यता सम्बन्धमा ४.२.१.२ बमोजिम हुनुपर्नेमा सो अनुसार नपाइएको एंव

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) ले तोकेको अनुसूची ६ बमोजिमको शैक्षिक योग्यताको उपाधिको विषयसँग मिलेको नदेखिएकाले निजले हासिल गरेको डिग्री आयुर्वेद विषयको नभै चीनको आफ्नै पद्धति भएकाले सो डिग्रीलाई आयुर्वेदको स्नातकोत्तरको उपाधी मान्न नसकिने भनी स्वास्थ्य मन्त्रालयको मिति २०७०/१०/७ को निर्णय अनुसार र चिकित्साशास्त्र अध्ययन संस्थानबाट समेत उक्त शैक्षिक योग्यता सम्बन्धित पद्धतिको स्नातकोत्तर उपाधी भएको तर TMC र आयुर्वेद भिन्न भिन्न पद्धति र विधा हुन भनी लेखी आएको हुँदा आयोगबाट TMC उपाधि हासिल गरेको योग्यतालाई नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समुह, जनरल आयुर्वेद उपसमुह नवौं तहको पदमा आवश्यक पर्ने आयुर्वेदको स्नातकोत्तर उपाधी निजसँग नरहेकोले तोकिएको शैक्षिक योग्यता नभएको देखिएकाले आयोगको मिति २०७२/११/४ को निर्णय अनुसार निवेदकको दरखास्त र परीक्षा रद्द गरिएको कार्य कानूनसम्मत भएकाले रिट खारेज गरिपाउँ। साथै अन्तरिम आदेश समेत खारेज गरिपाउँ भन्ने बेहोराको लोक सेवा आयोगको तर्फबाट पेश भएको लिखित जवाफ।

आयुर्वेद विषयमा यस आयुर्वेद विभाग अन्तरगतका अन्य कर्मचारीहरु समेत रिक्त नवौं र एघारौं तहसमेतका पदहरुमा सरिक हुँदै आएका हुँदा यस आयुर्वेद विभाग समेत सरोकारवाला भएकाले डा. जया सत्यालले दायर गरेको रिट नं. ०७२-WO-०६३८ ले यस विभाग र यस अन्तरगतका कर्मचारीहरुको हक र सरोकार जोडिएकाले सो रिट निवेदनको कारवाहीमा समावेश गराई पाउँ भन्ने नेपाल सरकार आयुर्वेद विभागको निवेदन।

यसमा निवेदक आयुर्वेद विभाग टेकुको प्रस्तुत रिट निवेदनको विषयवस्तुसँग स्वार्थ गाँसिएको भन्ने निवेदनबाट देखिएका हुँदा निवेदन माग बमोजिम निवेदकलाई सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२(२) बमोजिम सरिक गराइएको छ भन्ने मिति २०७३/४/२४ को आदेश।

आयुर्वेद विषयमा आयुर्वेद विभाग अन्तरगतका अन्य कर्मचारीहरु समेत रिक्त नवौं र एघारौं तहसमेतका पदहरुमा सरिक हुँदै आएका हुँदा यस आयुर्वेद विभाग अन्तरगतका हामी अन्य कर्मचारीहरु समेतले उक्त विषय र तहमा लोक सेवा आयोगको परिक्षा दिएको र म लगायत अन्य कर्मचारीहरु सरोकारवाला भएकाले डा. जया सत्यालले दायर गरेको रिट नं. ०७२-WO-०६३८ ले विभाग अन्तरगत कार्यरत अन्य कर्मचारीहरुको सरोकार गाँसिएको

हुँदा सो रिट निवेदनको कारवाहीमा समावेश गराई पाउँ भन्ने डा. सवरी साहले दिएको निवेदन।

यसमा प्रस्तुत निवेदनको विषयवस्तुसँग निवेदकको स्वार्थ गाँसिएको छ भन्ने निवेदन व्यहोराबाट देखिँदा निवेदन मांग बमोजिम सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२(२) बमोजिम प्रस्तुत रिट निवेदनको कारवाहीमा सरिक हुने अनुमति प्रदान गरिदिएको छ भन्ने मिति २०७३/५/१ को आदेश।

यसमा यसै अदालतबाट यिनै निवेदकहरुले दिएको ०७०-**WO**-०५३७ र ०७०-**WO**-०३९५ को उत्प्रेषण समेत मुद्दाको मिति २०७२/१२/१० मा भएको फैसला सहितको मिसिल र लोक सेवा आयोगले विज्ञापन रद्द गरेको निर्णय सहितको मिसिल झिकाई पेश गर्नु भन्ने मिति २०७४/३/४ को आदेश।

नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतीले निवेदक जया सत्यालले चीनको बेइजिङ्ग कलेज अफ ट्रेडिसनल चाइनिज मेडिसिन, चीनको ब्याचलर अफ मेडिसिन विषयको उपाधी प्राप्त गरेको र नेपालको त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको २०४३/१२/२६ को पत्रले उक्त उपाधिलाई त्रि.वि.वि.को आयुर्वेदिक स्नातक तह सरह भनी समकक्षता निर्धारण गरिसकेको छ। त्यसैगरी चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले मिति २०७०/१/१७ को पत्रबाट त्रि.वि.को आयुर्वेदिक चिकित्सा पद्धतिको स्नातकोत्तर तह सरह हुने भनी मान्यता प्रदान गरेको छ। साथै चीनको सोही विश्वविद्यलयको Master of Medicine Acupuncture Moxibustion and Tuina डिग्रीलाई त्रि.वि.वि. को पाठ्यक्रम विकास केन्द्रबाट स्नातकोत्तरको मान्यता प्रदान गरेको र निवेदकको डिग्रीलाई आयुर्वेदको स्नातकोत्तर सरहको मान्न सकिने भनी डिनको कार्यालयको मिति २०७१/७/२८ को पत्रले प्रष्ट पारेको छ। निवेदकको उक्त शैक्षिक योग्यतालाई त्रि.वि.ले स्नातकोत्तर सरहको मान्यता प्रदान गरेको र सोही आधारमा निजले लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनको नेपाल स्वास्थ्य सेवा, आयुर्वेद जनरल समुह, आयुर्वेद उपसमुहको एघारौं तहमा खुला प्रतियोगिताबाट पूर्ति हुने पदमा दरखास्त दिई लिखित परीक्षामा समेत सामेल भएपश्चात तोकिएको योग्यता नपुगेको भनी दरखास्त र लिखित परीक्षा समेत रद्द गर्ने गरी भएको लोक सेवा आयोगको निर्णय उत्प्रेषणको आदेशले बदर हुनु पर्ने हो भनी गर्नु भएको बहस समेत सुनियो।

विपक्षीको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले आयुर्वेद चिकित्सा परिषद नेपालले MM TCM डिग्री आयुर्वेदको स्नातकोत्तर डिग्री नभएको भनी मिति २०७१/९/२ को पत्रबाट खुलाएको र चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले मिति २०७१/९/१ को पत्रबाट TCM र आयुर्वेद भिन्न भिन्न पद्धती र विधाहरु हुन भनी खुलाएको छ। निवेदकले प्राप्त गरेको शैक्षिक योग्यताको उपाधि स्नातकोत्तरको उपाधि हो भनी भनेको भएतापनि Traditional Chinese Medicine लाई आयुर्वेदको उपाधि हो भनी मान्यता दिएको देखिँदैन। निवेदकले प्राप्त गरेको शैक्षिक योग्यता स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ अनुसूची ६ मा उल्लेख भए बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातकोत्तर उपाधि नभएको हुँदा लोकसेवा आयोगले निजको पद अनुसारको शैक्षिक योग्यता नपुगेको भनी दरखास्त र परीक्षा रद्द गर्ने गरी गरेको निर्णय कानूनसम्मत भएकाले रिट निवेदन खारेज हुनु पर्ने हो भनी गर्नु भएको बहस समेत सुनियो।

उल्लिखित दुवै तर्फबाट प्रस्तुत भएको बहस सुनी प्रस्तुत रिट निवेदन सहितको मिसिल समेत अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिम उत्प्रेषण तथा परमादेश जारी हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

यसमा म निवेदीकाले २०६१ सालमा त्रि.वि.वि. आयुर्वेद क्याम्पस, नरदेवीबाट आयुर्वेद चिकित्साशास्त्रमा स्नातक तह उत्तीर्ण गरी २०७० सालमा मित्रराष्ट्र चीनबाट ट्रेडिसनल मेडिसिनमा स्नातकोत्तर गरी आयुर्वेद चिकित्सा परिषद् ऐन बमोजिम नाम दर्ता गरी प्रमाणपत्र समेत प्राप्त गरेकी छु। त्यसै बीचमा लोक सेवा आयोगको मिति २०६३/१०/१८ को सिफारिस बमोजिम आयुर्वेद विभाग अन्तर्गतको रिक्त नेपाल स्वास्थ्य सेवा आयुर्वेद समूह अधिकृत सातौं तहको अधिकृत कविराज पदमा नियुक्ति भई हाल अधिकृत आठौं तहमा स्तरवृद्धि भई आठौं तहको आयुर्वेद चिकित्सक पदमा कार्यरत रहेकी छु । यसै बीचमा नेपाल सरकारको छात्रबृत्तिमा चीनबाट Tianjin University of Traditional Chinese Medicine मा Traditional Chinese Medicine (MD) को अध्ययन गरेकी छु। त्रि.वि.वि.ले चीनको Tianjin University of Traditional Chinese Medicine विश्वविद्यालयबाट मैले प्राप्त गरेको मास्टर अफ मेडिसिन Acupuncture, Moxibustion and Tuina विषयलाई त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रले Master Degree in Relevant Subject भनी समकक्षता प्रदान गरेको र चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले मिति २०७०/९/१७ को पत्रबाट त्रि.वि.को आयुर्वेदिक चिकित्सा पद्धतिको स्नातकोत्तर तह सरह हुने भनी मान्यता दिएको थियो। मैले प्राप्त गरेको शैक्षिक योग्यतालाई त्रि.वि.वि. ले मान्यता दिएको हुँदा सोही अनुसार लोकसेवा आयोगबाट कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य, आयुर्वेद जनरल आयुर्वेद, नवौं तह पदमा विज्ञापन प्रकाशित गरेको थियो। सो विज्ञापन

अनुसार मैले दरखास्त फाराम पेश गरेको थिएँ । त्यसपछि परीक्षामा समेत सामेल भई नतिजाको प्रतिक्षामा रहेकोमा म निवेदक सामेल भएको लिखित परीक्षा र दरखास्त समेत रद्द गर्ने भनी सूचना प्रकाशित भएको थियो। विपक्षी लोकसेवा आयोगको मिति २०७२/११/४ को निर्णय तथा तत्सम्बन्धमा गोरखापत्रमा मिति २०७२/११/१२ मा प्रकाशित गरिएको सूचना समेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकले विधिवत दाखिला गरेका दरखास्तहरु कायमै राखी निवेदकले उक्त विज्ञापनहरुको रिक्त पदहरुमा दिएको परीक्षाको नतिजा समेत अरु परीक्षार्थी सरह एकैसाथ प्रकाशित गर्नू गराउनू भनी विपक्षी लोकसेवा आयोगको नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जौरी गरिपाऊँ भन्ने निवेदनपत्र रहेको देखियो।

रिट निवेदकले **Tianjin University** बाट **Traditional Chinese Medicine** मा **Master's Degree** उत्रीर्ण गरेको शैक्षिक योग्यता आयुर्वेद चिकित्सा परिषद ऐन, २०४५ को परिच्छेद ४.२ को योग्यता सम्बन्धमा ४.२.१.२ बमोजिम हुनुपर्नेमा सो अनुसार नपाइएकोले निजले हासिल गरेको डिग्री आयुर्वेद विषयको नभै चीनको आफ्नै पद्धति भएकाले सो डिग्रीलाई आयुर्वेदको स्नातकोत्तरको उपाधि मान्न नसकिने भनी स्वास्थ्य मन्त्रालयको मिति २०७०/१०/७ को निर्णय अनुसार र चिकित्साशास्त्र अध्ययन संस्थानबाट उक्त शैक्षिक योग्यता सम्बन्धित पद्धतिको स्नातकोत्तर उपाधि भएको तर **TCM** र आयुर्वेद भिन्न भिन्न पद्धति र विधा हुन भनी लेखी आएको हुँदा आयोगबाट **TCM** उपाधि हासिल गरेको योग्यतालाई नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समुह, जनरल आयुर्वेद उपसमुह नवौं तहको पदमा आवश्यक पर्ने आयुर्वेदको स्नातकोत्तर उपाधी निजसँग नरहेकोले तोकिएको शैक्षिक योग्यता नभएको हुँदा आयोगको मिति २०७२/११/४ को निर्णय अनुसार निवेदकको दरखास्त र परीक्षा रद्द गरिएको हो भन्ने लोक सेवा आयोगको लिखित जवाफ रहेको देखियो।

निर्णय तर्फ विचार गर्दा निवेदक जया सत्यालले चिकित्साशास्त्रमा स्नातक तह उत्रीर्ण गरी नेपाल सरकार स्वास्थ्य सेवा, आयुर्वेद समुहको अधिकृत सातौं तहको पदमा नियुक्ति भई आठौं तहमा बढुवा भई कार्यरत रहेको देखियो। साथै निजले नेपाल सरकारको छात्रबृत्तिमा मित्रराष्ट्र चीनको Tianjin University of Traditional Chinese Medicine (Acupuncture Moxibustion and Tuina) मा Traditional Chinese Medicine (MD) अध्ययन गरी उक्त (MD) मास्टर डिग्रीको उपाधि प्राप्त गरेकोमा विवाद रहेको देखिएन। लोक सेवा आयोग, केन्द्रीय कार्यालयले मिति २०७२/६/२७ मा प्रकाशित विज्ञापनको प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य आयुर्वेद जनरल आयुर्वेद समुह एघारौं तहको पदको लागि स्वास्थ्य सेवा नियमावली,

२०५५ को नियम १५ मा ऐनको दफा ७ को उपदफा (२) तथा नियम ८ बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्युनतम योग्यता अनुसूची ६ मा उल्लेख भएबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। उक्त अनुसूची ६ को क्रमसंख्या १८ मा जनरल आयुर्वेद एघारौं तहका लागि आवश्यक शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त भनी उल्लेख भएको देखिन्छ। निज निवेदकले प्राप्त गरेको उक्त शैक्षिक उपाधिलाई त्रिभुवन विश्वविद्यालयले आयुर्वेद विषयमा स्नातकोत्तरको उपाधि सरहको मान्यता प्रदान गरेको भनी सोही आधारमा लोक सेवा आयोगबाट प्रकाशित प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य आयुर्वेद, जनरल आयुर्वेद एघारौं तह र नवौं तहको विज्ञापनमा दरखास्त फाराम भरी लिखित परिक्षामा सामेल समेत भएको र लिखित परीक्षा दिइसकेपश्चात निजले तोकिएको शैक्षिक योग्यताको उपाधि पुरा गरेको नदेखिएकोले निजको दरखास्त र लिएको लिखित परीक्षा समेत रद्द गर्ने भनी लोक सेवा आयोगबाट मिति २०७२/११/४ मा निर्णय भएको अवस्था देखियो।

निवेदक जया सत्यालले प्राप्त गरी लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार दरखास्त पेश गर्दा पेश गरेको शैक्षिक योग्यताको उपाधि तोकिएको पदको लागि आवश्यक पर्ने शैक्षिक उपाधि हो होइन? भन्ने सम्बन्धमा हेर्दा निज रिट निवेदक जया सत्यालले पेश गरेको Tianjin University of Traditional Chinese Medicine, Tianjin China बाट प्राप्त गरेको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) शैक्षिक योग्यताको उपाधि देखिएको र त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालय महाराजगञ्जले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद विभाग टेकुलाई लेखेको च.नं.११८४ मिति २०७१/९/१ को पत्रमा Master of Medicine TCM (Internal Medicine) र Master of Medicine (Acupuncture, Maxibustion and Tuina) सम्बन्धित पद्धतिका स्नातकोत्तर सरहका डिग्री हुन भनी स्पष्ट रुपमा उल्लेख गरेको पाइन्छ। त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रको च.नं. ७२९ मिति २०६७/८/१ को पत्रले सम्बन्धित अध्ययन संस्थान तथा संकायहरुका विषय समिति तथा विद्यापरिषदबाट विषय खुलाउने सम्बन्धमा लेखिएको पत्रलाई मान्यता दिने भन्ने उल्लेख भएको देखिएबाट डीनको कार्यालयबाट समकक्षता निर्धारण भएको तथा मान्यता पाएको पत्रलाई आधिकारिक मान्नु पर्ने देखिन आयो। त्यसै गरी आयुर्वेद चिकित्सा परिषद नेपालले विशेषज्ञ आयुर्वेद चिकित्सक समाज नेपाल नरदेवीलाई TCM उपाधि सम्बन्धमा लेखेको च.नं.

६९ मिति २०७१/९/२ को पत्रमा MM TCM डिग्री आयुर्वेदको स्नातकोत्तर नभएको भनी उल्लेख गरेको देखिएतापनि डीनको कार्यालयबाट सो भन्दा अगावै उक्त विशेषज्ञ आयुर्वेद चिकित्सक समाज नेपाल नरदेवी काठमाडौंलाई समेत बोधार्थ दिई सहायक डीनको तहबाट लेखिएको मिति २०७१/९/१ को पत्र कहीं कतैबाट हालसम्म बदर भएको भनी विपक्षीले पेश गर्न नसकेको र तह तथा आधिकारिकताको दृष्टिबाट हेर्दा सहायक डीनको तहबाट लेखिएको सो पत्रलाई मान्यता दिनु पर्ने देखिन्छ।

शिक्षा मन्त्रालयबाट सन् २००८ र २००९ को लागि मित्रराष्ट्र चीनबाट प्राप्त छात्रबृत्तिमा मनोनयन गर्ने सम्बन्धमा भएको मिति २०६४/१०/२० को निर्णयमा Postgraduate Level तर्फ भनी AYURBEDIC तर्फ Traditional Medicine भनी Traditional Medicine लाई स्नातकोत्तर सरहको मान्यता प्रदान गरेको देखियो। साथै शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रले जया सत्याललाई सम्बोधन गरी मिति २०७०/९/७ मा लेखेको Regarding Equivalence सम्बन्धी पत्रमा रिट निवेदक निज जया सत्यालले प्राप्त गरेको Tianjin University of Traditional Chinese Medicine, Tianjin China लाई Master's Degree Relevant Subject भनी Recognized Equivalence गरेको पाइन्छ। यसका साथै त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालय, महाराजगञ्जको मिति २०७१/७/२८ मा जो जससँग सम्बन्ध छ भनी लेखेको पत्रमा डा. जया सत्यालले Tianjin University of Traditional Chinese Medicine, Tianjin China बाट प्राप्त गर्नु भएको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) डिग्रीलाई आयुर्वेदको स्नातकोत्तर सरह मान्यता दिन सकिने भनी उल्लेख भएको देखियो। साथै Beijing college of Traditional Chinese Medicine, China बाट प्राप्त गरेको Bachler of Medicine लाई त्रि.वि.ले हरिश्चन्द्र शाहको हकमा मिति २०४३/१२/२६ मा नै आयुर्वेदिक स्नातक सरह भनी मान्यता दिएको देखिएको र सोही शैक्षिक योग्यताको आधारमा निज हरिश्चन्द्र शाहले पदोन्नति समेत पाइसकेको अवस्थामा एउटै विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई कसैको हकमा मान्यता दिने र कसैको हकमा मान्यता नदिने गरी एउटै डिग्री हासिल गरेका समानस्तरका कर्मचारीहरुका बीचमा विभेद हुने गरी मापदण्ड बनाउनु युक्तिसंगत देखिन आएन। यसै सम्बन्धमा *एकपटक त्रिभुवन विश्वविद्यालयले स्तर निर्धारण गरी सकेको कुरामा लोकसेवा आयोगले पुनः स्तर निर्धारण गरी निवेदकलाई विज्ञापित विज्ञापनको उम्मेदवारबाट बञ्चित गर्ने गरी गरेको निर्णय कानुन अनुरुप भयो भन्न नमिल्ने ।* भनी ने.का.प. २०४६

अंक १, नि.नं. ३७०२ मा सिद्धान्त प्रतिपादन भएको र त्रि.वि. डीनको कार्यालयबाट मान्यता पाइसकेको अवस्थामा तोकिएको योग्यता पुगेको नदेखिएको भनी निवेदकको दरखास्त फाराम र लिखित परीक्षा समेत रद्द गर्ने गरी लोक सेवा आयोगबाट भएको निर्णय कानूनसम्मत मान्न सकिने अवस्था देखिएन।

यसरी रिट निवेदक जया सत्यालले Tianjin University of Traditional Chinese Medicine, Tianjin China बाट Master of Medicine TCM (Acupuncture Maxibustion and Tuina) को शैक्षिक योग्यताको उपाधि प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालयले Master of Medicine TCM Master of Medicine (Acupuncture Maxibustion and Tuina) लाई आयुर्वेदिक बिषयको स्नातकोत्तर डिग्रीको उपाधि भनी मान्यता दिएको र शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रले यी रिट निवेदक जया सत्याललाई निजले प्राप्त गरेको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) लाई Regarding Equivalence मा Master Degree भनी मान्यता दिएको देखिनुका साथै डीनको कार्यालयको मिति २०७१/७/२८ को पत्रबाट समेत निजको शैक्षिक योग्यताको उपाधिलाई स्नातकोत्तर सरह मान्यता दिएको भनी उल्लेख भएको देखिन आएकाले निज रिट निवेदक जया सत्यालले चीनको Tianjin University of Traditional Chinese Medicine, Tianjin China विश्वविद्यालयबाट प्राप्त गरेको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) को शैक्षिक योग्यताको उपाधिलाई लोक सेवा आयोगबाट प्रकाशित उक्त विज्ञापनको प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य आयुर्वेद जनरल आयुर्वेद समुह एघारौं तहको पदको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता नपुगेको भन्ने आधार नदेखिंदा तोकिएको शैक्षिक योग्यताको उपाधि नभएको भनी निजको दरखास्त फाराम तथा निजले दिएको लिखित परीक्षा समेत रद्द गर्ने गरी लोक सेवा आयोगबाट भएको निर्णय मनासिव देखिन आएन।

अतः उल्लेखित तथ्य तथा आधार कारणबाट रिट निवेदक जया सत्यालले प्राप्त गरेको शैक्षिक योग्यताको उपाधिलाई तोकिएको शैक्षिक योग्यताको उपाधि पुरा गरेको नदेखिएकाले निजको दरखास्त तथा लिएको लिखित परीक्षा समेत रद्द गर्ने भनी लोक सेवा आयोगबाट मिति २०७२/११/४ मा भएको निर्णय तथा सो निर्णयका आधारमा प्रकाशित सूचना समेत उत्प्रेषणको आदेशले बदर हुन्छ। साथै लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार

निवेदकले पेश गरेको दरखास्त फाराम कायम राखी निजले दिएको लिखित परीक्षाको नतिजा समेत नियमानुसार प्रकाशित गर्नु गराउनु भनी लोक सेवा आयोगका नाममा परमादेश समेत जारी हुने ठहर्छ। सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी लोक सेवा आयोगलाई दिनु। प्रस्तुत रिट निवेदनको दायरी तर्फको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृत:- दुर्गाप्रसाद खनाल

इति सम्वत् २०७४ साल कार्तिक १२ गते रोज १ शुभम् ......................................।